नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(......................................................शाखा)

प.सं. : ०७६/०७७
च.नं. : ९६३

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

संवत् २०७६ साल कार्तिक १८ गते देखी २१ गते (तदनुसार २०१९, नोभेम्वर ४ देखि ७) सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि सी मा विश्व बैंक समूहद्वारा आयोजना गरिएको Law, Justice and Development Week, 2019 कार्यक्रममा नेपालको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानु भक्त ढकालज्यूको नेतृत्वमा एक प्रतिनिधिमण्डलको सहभागिता रहेको छ। उक्त कार्यक्रमको पहिलो दिन नोभेम्वर ४ मा सम्पन्न VIP Plenary Session को "Justice Reform Sector and Technology" विषयमा नेपालको तर्फबाट बोल्दै माननीय मन्त्रीज्यूले आर्थिकरूपले विपन्न नागरिक, सीमान्तीकृत वर्ग र पिछडिएको समुदायको न्यायमा पहुँच अभिबृद्धि गर्न नेपाल सरकार प्रतिवद्ध रहेको बताउनु भयो ।

माननीय मन्त्रीज्यूले न्यायपालिकामा सूचना तथा प्रविधिको प्रयोगको वर्तमान अवस्था र सामना गर्नु परेको चुनौतीहरुको बारेमा सम्बोधन गर्दै अदालतमा सूचना प्रविधिको क्षेत्रमा गर्नु पर्ने आवश्यक पूर्वाधार तथा जनशक्ति विकासको लागि विश्व बैंकसँग मिलेर सहकार्य गर्न नेपाल सरकार ईच्छुक रहेको धारणा समेत व्यक्त गर्नु भयो ।

उक्त सत्रमा विभिन्न २५ वटा मुलुकका कानून तथा न्याय मन्त्री, सर्वोच्च अदालतका प्रधान न्यायाधीश, न्यायाधीश तथा महान्यायाधिवक्ता लगायतका विशिष्ट महानुभावहरू समेत उच्चपदस्थ अधिकारीहरूको सहभागिता रहेको थियो ।

२०७६।७।१९

(कमलराज गौतम)
उपसचिव एवं सहायक प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४